# आयोजना कार्यान्वयन निर्देशनालयको अनुरोध

आयोजना कार्यान्वयन निर्देशनालयले मेलम्चीको पानी काठमाण्डौ उपत्यकाबासीका घरघरमा वितरण गर्नका लागि नयाँ पानी वितरण प्रणालीको आवश्यक परीक्षण गरी आवश्यकता अनुसार सुधारसमेत गर्न नियन्त्रित मात्रामा पानी पठाइ (regulated flow) पाइपभित्र जम्मा भएको फोहर सफा गर्ने (flushing) र निर्मलीकरण (disinfection) गर्ने कार्य गर्दैछ । पाइपहरू सफा गर्न प्रयोग भएको पानी धोबीखोला, मनोहरा, विष्णुमती, वाग्मती लगायतका खोला, खोल्सा र नदीहरूमा बगाइनेछ । यस सन्दर्भमा निर्देशनालय सम्बन्धित सबैलाई निम्न अनुसार अनुरोध गर्दछ ।

१. पाइपहरू सफा गर्न प्रयोग भएको पानी खोला, नदीहरूमा मिसाउँदा जलसतहमा वृद्धि हुने भएकाले परीक्षणको समयमा नदी तथा किनारमा नजानहुन र बालबालिका तथा चौपायाहरूलाई पनि जान नदिनुहोला ।

२. खानेपानी वितरण प्रणाली परीक्षणको क्रममा आइलाग्न सक्ने समस्याहरूको समाधान गर्न निर्देशनालयले आवश्यक तयारी गरेको छ । कतै पाइप फुटेको, चुहिएको देख्नु भएमा निर्देशनालयको टोल—फ्री नम्बर ११३९ मा खबर गरिदिनुहोला ।

३. आयोजनाका पाइपहरूको निर्मलीकरण गर्ने क्रममा प्रयोग गरिने रासायनिक पदार्थहरूले (disinfectants) स्वास्थ्यमा प्रतिकूल असर गर्ने हुँदा त्यस अवधिमा नदीको पानी प्रयोग नगर्नुहोला, पशुपंक्षीहरूलाई पनि उक्त पानी नदिनुहोला । संक्रमणमुक्त पार्ने प्रक्रिया शुरू गर्ने बेलामा संचारमाध्यमहरू मार्फत् थप जानकारी प्रवाह गरिनेछ ।

४. परीक्षणका क्रममा अपनाइनुपर्ने सावधानीहरूबारे जानकारी दिन निर्देशनालयले उपत्यकाका विभिन्न स्थानहरूमा जनशक्ति परिचालन गरी माइकिंग, पर्चा वितरण तथा संचारमाध्यमहरूमार्फत् सूचना प्रवाह गरिरहेको छ । ती सूचनाहरू एक आपसमा आदानप्रदान गरी सहयोग गरिदिनुहुन अनुरोध छ ।

**काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड/आयोजना कार्यान्वयन निर्देशनालय, अनामनगर, काठमाण्डौ**

**फोनः ०१-४२५९१४८/०१-४२२२९८६/०१-४२२४९८६**

**टोल—फ्री नम्बर - ११३९**